त्रिभुवन विश्वविद्यालय

# मनोविज्ञान केन्द्रीय विभाग

त्रिवि, कीर्तिपुर

च.नं........

मिति: २०८३ जेठ १३

सरकारी निकाय, गैरसरकारी वा नीजि संस्थामा इन्टर्नसीप गर्न जाने विद्यार्थीहरूले

## अनिवार्य पालना गर्नुपर्ने आचारसंहिता

१. सम्बन्धित निकायमा जाँदा विभागको सिफारिस पत्र अनिवार्य लिएर जानुपर्ने ।

२. सम्बन्धित निकायमा पुगेर इन्टर्नसीप शुरू गरेको जानकारी विभागमा गराउने ।

३. इन्टर्नसीप गर्न चयन भएको निकाय वा संस्थाले जारी गरेको नियम र आचारसंहिता अनिवार्य पालना गर्ने ।

४. विद्यार्थीले इन्टर्नसीप समयमा सेवाग्राहीसँग सम्पर्कमा जाँदा साधारण पोशाक, असल व्यवहार र मीठो बोलिवचनका साथ शिष्टाचारको पालना गर्नुपर्ने ।

५. विद्यार्थीहरूले इन्टर्नसीप अवधिमा मनोसामाजिक सहयोग (Psycho-social Support) मात्र प्रदान गर्न सक्ने ।

६. दैनिक गरेको कामको अभिलेख राखी प्रतिवेदन तयार गर्नुपर्ने ।

७. इन्टर्नसीप अवधिमा क्षमताभन्दा माथिको जटिल केश फेला परेमा यशाशिघ्र सम्पर्क व्यक्तिलाई रिपोर्टिङ् गर्ने ।

८. इन्टर्नसीप अवधिमा संस्थागत तथा व्यक्तिगत गोपनीयता कायम गरी व्यक्तिको गरिमालाई सम्मान गर्ने ।

९. इन्टर्नसीप गर्न लाग्ने शुल्कहरू निकाय वा संस्थाको नियमबमोजिम सम्बन्धित विद्यार्थीले अनिवार्य बुझाउनुपर्ने ।

१०. तोकिएको समयमा पूरा ड्युटी अवधि बसेर कार्य गर्नुपर्ने ।

११. इन्टर्नसीप समाप्त भएपछि सम्बन्धित निकाय वा संस्थाबाट इन्टर्नसीप गरेको घण्टा समेत खुल्ने गरी प्रमाणित गरी विभागमा लिखित रूपमा प्रमाणपत्र पेश गर्नुपर्ने ।

१२. इन्टर्नसीप गर्न फिल्डमा खटिने विद्यार्थीहरूले गरेका हरेक कार्यको जिम्मेवारी स्वयम् हुनुपर्ने । यसमा विभाग जवाफदेहि नहुने ।

१३. विभागले कुनै पनि समयमा इन्टर्नसीप भइरहेका निकाय वा संघसंस्थामा अनुगमन गर्न सक्ने ।

१४. इन्टर्नसीप अवधिमा विभागको तर्फबाट कुनै सहयोग आवश्यक भएमा प्रशासन शाखामा इमेल info@cdpsy.tu.edu.np वा वाट्सएप् नम्बर ९७६८५४४२२६ मा सम्पर्क गर्नुहोला ।

उपप्रा. सन्जेश श्रेष्ठ
विभागीय प्रमुख